# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६३) काठमाडौं, साउन १४ गते, २०७० साल (संख्या १७


## भाग ३

नेपाल सरकार

### स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सूचना

### राष्ट्रिय ट्रमा सेन्टर विकास समिति (गठन) आदेश, २०७०

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेकोछ ।

१. **सक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "राष्ट्रिय ट्रमा सेन्टर विकास समिति (गठन) आदेश, २०७०" रहेकोछ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त भएको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ग) "कोष" भन्नाले दफा ९ बमोजिमको कोष सम्झनु पर्छ ।

(घ) "ट्रमा" भन्नाले दुर्घटना वा अन्य कुनै कारणबाट शरीरमा लागेको चोट सम्झनु पर्छ ।

(ङ) "ट्रमा सेन्टर" भन्नाले ट्रमा सम्बन्धी उपचार एवं रोकथाम गर्ने उद्देश्यले स्थापना गरिएको स्वास्थ्य संस्था सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्छ ।

(ज) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष तथा सदस्य-सचिव समेतलाई जनाउँछ ।

(झ) "समिति" भन्नाले दफा ३ बमोजिम गठित राष्ट्रिय ट्रमा सेन्टर विकास समिति सम्झनु पर्छ ।

३. <u>समितिको गठन</u> : (१) ट्रमा सम्बन्धी उपचार एवं रोकथाम गर्ने काम समेतको लागि राष्ट्रिय ट्रमा सेन्टर विकास समिति नामको एक समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -अध्यक्ष

(ख) प्रतिनिधि, अर्थ मन्त्रालय -सदस्य

(ग) स्वास्थ्य सेवामा कार्यरत एघारौं तहका चिकित्सकहरुमध्येबाट मन्त्रालयले तोकेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

एकजना -सदस्य

(घ) निर्देशक, विर अस्पताल -सदस्य

(ङ) राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठानका प्राध्यापकहरु मध्येबाट समितिको सिफारिसमा मन्त्रालयले मनोनयन गरेको एकजना -सदस्य

(च) ट्रमा सेन्टरको मेट्रोन -सदस्य

(छ) ट्रमा सम्बन्धी उपचारमा संलग्न चिकित्कसहरु मध्येबाट मन्त्रालयले मनोनयन गरेको महिला चिकित्सक -सदस्य

(ज) प्रमुख, महानगरिय ट्राफिक प्रहरी महाशाखा -सदस्य

(झ) कार्यकारी निर्देशक -सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले आफ्नो पद अनुरुप काम नगरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ ।

तर त्यसरी निजलाई पदबाट हटाउनु अघि आफ्नो सफाई पेश गर्ने मौका दिइनेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार** : यस आदेशमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ, :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

एकजना -सदस्य

(घ) निर्देशक, विर अस्पताल -सदस्य

(ङ) राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठानका प्राध्यापकहरु मध्येबाट समितिको सिफारिसमा मन्त्रालयले मनोनयन गरेको एकजना -सदस्य

(च) ट्रमा सेन्टरको मेट्रोन -सदस्य

(छ) ट्रमा सम्बन्धी उपचारमा संलग्न चिकित्कसहरु मध्येबाट मन्त्रालयले मनोनयन गरेको महिला चिकित्सक -सदस्य

(ज) प्रमुख, महानगरिय ट्राफिक प्रहरी महाशाखा -सदस्य

(झ) कार्यकारी निर्देशक -सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले आफ्नो पद अनुरुप काम नगरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ ।

तर त्यसरी निजलाई पदबाट हटाउनु अघि आफ्नो सफाई पेश गर्ने मौका दिइनेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार** : यस आदेशमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ, :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) नेपाल सरकारले अवलम्बन गर्नु पर्ने राष्ट्रिय ट्रमा नीतिका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ख) समितिको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ग) ट्रमा सम्बन्धी उपचार एवं रोकथामको लागि आवश्यक योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(घ) ट्रमा सम्बन्धी उपचारको लागि ट्रमा सेन्टरको स्थापना गरी सञ्चालन गर्ने,

(ङ) ट्रमा सेन्टरबाट प्रदान गरिने सेवा वापत लिने शुल्क निर्धारण गर्ने,

(च) ट्रमा सेन्टरबाट उपलब्ध गराइने निःशुल्क तथा कम शुल्कका शैयाको संख्या र त्यस्तो शैयाको दर निर्धारण गर्ने,

(छ) आर्थिक दृष्टिले कमजोर मानिएका र असहाय व्यक्तिको लागि कम शुल्क लिई वा निःशुल्क उपचारको व्यवस्था गर्ने सम्बन्धमा मापदण्ड बनाइ कार्यान्वयन गर्ने,

(ज) समितिको भौतिक सम्पत्तिको संरक्षण तथा मर्मत संभार गर्ने, गराउने,

(झ) ट्रमा सम्बन्धी विषयमा उच्चस्तरीय अध्ययन, अनुसन्धान, सर्भेक्षण, गोष्ठी, सेमिनार आयोजना गर्ने,

(ञ) समितिको कर्मचारीको क्षमता अभिवृद्धिको लागि स्वदेशी वा वैदेशिक अध्ययन, तालिम, गोष्ठी, सेमिनार आदिमा भाग लिन लगाउने,

(ट) समितिको काममा संलग्न कर्मचारीलाई विशेष तालिम उपलब्ध गराउन मन्त्रालय समक्ष सिफारिस गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

(ठ) राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा ट्रमा सम्बन्धी विशेषज्ञ सेवाको आदान प्रदान गर्ने व्यवस्था मिलाउने,

(ड) समितिबाट प्रदान गरिने सेवाको सञ्चालन, सुधार र विस्तारका लागि आवश्यक पर्ने श्रोत र साधनको पहिचान तथा खोजी गर्ने,

(ढ) ट्रमा सम्बन्धी विरामीको उपचार तथा पुर्नस्थापना गर्ने सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय गर्ने,

(ण) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

५. **समितिको बैठक सम्बन्धी कार्यविधि :** (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नु भन्दा कम्तीमा चौबीस घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने विषय सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) समितिले आवश्यक देखेमा कुनै विशेषज्ञ वा नेपाल सरकारको कुनै अधिकृतलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **कार्यकारी निर्देशक सम्बन्धी व्यवस्था** : (१) समितिको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एकजना कार्यकारी निर्देशक रहनेछ ।

(२) नेपाल सरकारले हाडजोर्नी वा ट्रमा सम्बन्धी विषयमा स्नातकोत्तर उपाधि हासिल गरी नेपाल सरकारको सेवामा कम्तीमा दस वर्ष काम गरेका वरिष्ठ चिकित्सकहरु मध्येबाट कार्यकारी निर्देशकको नियुक्ति गर्नेछ ।

(३) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ । कार्यकारी निर्देशकको काम सन्तोषजनक देखिएमा निजलाई अर्को एक अवधिको लागि पुनर्नियुक्ति गर्न सकिनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यकारी निर्देशकले पदीय जिम्मेवारी पूरा नगरेमा, निजमा कार्य क्षमताको अभाव भएमा वा निजले समितिको हित विपरीत कुनै काम गरेमा नेपाल सरकारले जुनसुकै बखत निजलाई कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी निजलाई पदबाट हटाउनु अघि आफ्नो सफाई पेश गर्ने मौका दिइनेछ ।

(५) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ र त्यसरी पारिश्रमिक तथा सुविधा नतोकिएसम्म निजको पारिश्रमिक तथा सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

७. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार** : कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) समितिबाट स्वीकृत योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने,

(ख) समितिको निर्णय कार्यान्वियन गर्ने, गराउने,

(ग) समितिको योजना, वार्षिक कार्यक्रम तथा वजेट तयार गरी समिति समक्ष पेश गर्ने,

(घ) समितिको काम कारवाहीका सम्बन्धमा विभिन्न निकायसँग समन्वय गर्ने,

(ङ) समितिको स्वीकृति लिई कम्प्यूटर अपरेटर, सवारी चालक, कार्यालय सहयोगी, सेक्युरिटी गार्ड जस्ता पद करार वा परामर्श सेवाबाट पूर्ति गर्ने,

(च) समितिबाट प्रत्यायोजित तथा निर्देशन भए बमोजिमका कार्य गर्ने, गराउने,

(छ) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

८. **कर्मचारी सम्बन्धी व्यवस्था** : (१) समितिमा आवश्यक संख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) समितिमा रहने कर्मचारीको पद संख्या, दरवन्दी सृजना र पदपूर्ति संबन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) समितिमा रहने पदको दरवन्दी सृजना गर्नु अघि समितिले अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(४) समितिका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) समितिमा कर्मचारी नियुक्त नभएसम्मको लागि समितिको अनुरोधमा मन्त्रालयले नेपाल स्वास्थ्य सेवामा कार्यरत कर्मचारीलाई समितिको काम गर्ने गरी काजमा खटाउन सक्नेछ ।

(६) समितिमा काजमा खटिएका नेपाल सरकारका कर्मचारीले समितिका कर्मचारीले पाए सरहको सुविधा पाउनेछ ।

९. **समितिको कोष** : (१) समितिको नाममा एउटा छुट्टै कोष रहनेछ र सो कोषमा देहाय बमोजिमका रकमहरु रहने छन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) समितिले प्रदान गरेको सेवा तथा सुविधा वापत प्राप्त रकम,

(ग) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) बिदेशी सरकार, संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ङ) अन्य श्रोतबाट प्राप्त रकम ।

(२) समितिले उपदफा (१) को खण्ड (घ) बमोजिमको कुनै रकम प्राप्त गर्नु अघि अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(३) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) कोषमा जम्मा भएको रकम समितिले तोकेको नेपालभित्रको कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

(५) समितिको कोषको खाताको सञ्चालन कार्यकारी निर्देशक र समितिको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. **सम्बन्धित कार्यको लागि रकम खर्च गर्नु पर्ने** : नेपाल सरकारले कुनै खास कामको लागि समितिलाई रकम प्रदान गरेको भए समितिले त्यस्तो रकम सोही काममा मात्र खर्च गर्नु पर्नेछ ।

११. **लेखा र लेखापरीक्षण** : (१) समितिको आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) समितिको आन्तरिक लेखापरीक्षण प्रचलित कानून बमोजिम दर्ता भएका लेखापरीक्षकमध्येबाट समितिले नियुक्त गरेको लेखापरीक्षकबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(३) मन्त्रालयले चाहेमा समितिको आय-व्ययको लेखा, नगदी, जिन्सी वा अन्य कागजात जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१२. **उपसमिति वा कार्यदल गठन गर्न सक्ने** : (१) समितिले आफ्नो काम सुचारु रुपले सञ्चालन गर्नको लागि सम्बन्धित क्षेत्रका विज्ञहरु समेत रहेको उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएको उपसमिति वा कार्यदलको काम, कर्तव्य, अधिकार तथा कार्याविधि त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दा समितिले तोकिदिए बमोजिम हुनेछ ।

१३. **बैठक भत्ता** : समिति तथा दफा १२ बमोजिम गठित उपसमिति वा कार्यदलका सदस्यहरुले बैठकमा भाग लिए वापत अर्थ मन्त्रालयको स्वीकृतिमा मन्त्रालयले तोकिदिए बमोजिमको बैठक भत्ता पाउने छन् ।

१४. **वार्षिक प्रतिवेदन पेश गर्ने** : समितिले वर्षभरिमा आफूले गरेको काम कारबाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

१५. **अधिकार प्रत्यायोजन** : समितिले आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य, कार्यकारी निर्देशक,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दफा १२ बमोजिम गठित उपसमिति वा कार्यदल वा समितिको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१६. **समितिको कार्यालय र नामाकरण :** (१) समितिको कार्यालय काठमाडौं उपत्यकाभित्र रहनेछ ।

(२) समितिको कार्यालय राष्ट्रिय ट्रमा सेन्टरको नामबाट प्रचलित हुनेछ ।

१७. **निर्देशन दिन सक्ने :** मन्त्रालयले समितिको कामकारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिईएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१८. **नेपाल सरकारसँग सम्पर्क :** समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१९. **नियम बनाउने अधिकार :** (१) यस आदेशको कार्यान्वयनको लागि समितिले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाईएको नियम मन्त्रालयबाट स्वीकृत भएपछि लागु हुनेछ। त्यसरी नियम स्वीकृत गर्नु अघि मन्त्रालयले नेपाल सरकारलाई आर्थिक व्यय भार पर्ने विषयमा अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

२०. **खारेजी र बचाउ :** (१) इमर्जेन्सी तथा ट्रमा सेन्टर कार्य सञ्चालन निर्देशिका, २०६९ खारेज गरिएकोछ ।

(२) इमर्जेन्सी तथा ट्रमा सेन्टर कार्य संचालन निर्देशिका, २०६९ बमोजिम भए गरेका काम कारबाही यसै आदेश बमोजिम भए गरेको मानिनेछ ।

(३) यो आदेश प्रारम्भ हुँदाका वखत इमर्जेन्सी तथा ट्रमा सेन्टर कार्य संचालन निर्देशिका, २०६९ बमोजिम नियुक्त कार्यकारी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।